सुरुङ्गा नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ८ संख्याः २ मितिः २०८१/०८/०४

भाग-२

## सुरूङ्गा नगरपालिकाको अटो तथा इलेक्ट्रिक रिक्सा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि,२०८१

कार्यपालिका प्रस्तुत मितिः २०८१।०८।०४

कार्यपालिकाबाट स्वीकृत मितिः२०८१।०८।०४

**प्रस्तावना**

सुरुङ्गा नगरपालिकाभित्र संचालन हुने अटोरिक्सा तथा विद्युतिय रिक्साको सञ्चालनको अनुमति,खारेजी, नविकरण, नियमन तथा व्यवस्थापन गरी आम नागरिकको सुरक्षित र मर्यादित सडक यातायातको सुविधा प्रयोग गर्न पाउने अधिकारको सुनिश्चतता गर्न र ट्राफिक व्यवस्थापनद्धारा सडक दुर्घटनाजस्ता मानविय प्रकोपको समाधान गर्न बाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२(२)ले दिएको अधिकार प्रयोग गरी सुरुङ्गा नगरपालिकानगर कार्यपालिकाले सुरुङ्गा **नगरपालिकाको अटोतथा इलेक्ट्रिक रिक्सा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१** स्वीकृत गरी लागु गरेको छ ।

## परिच्छेद -१

## प्रारम्भ

**१. संक्षिप्तनामरप्रारम्भ**

१.यो कार्यविधिको नाम **सुरुङ्गा नगरपालिकाको अटोतथा इलेक्ट्रिक रिक्सा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१**रहेकोछ।

२.यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भइ स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखी लागु हुनेछ ।

**२. परिभाषा**

विषय वा प्रशङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) **कार्यविधि** भन्नाले सुरुङ्गा नगरपालिकाको अटोतथा इलेक्ट्रिक रिक्सा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१सम्झनुपर्छ ।

ख) **ऐन** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झिनुपर्छ ।

ग) **कार्यपालिका** भन्नाले सुरुङ्गा नगरपालिका नगर कार्यपालिका सम्झनुपर्छ ।

घ) **कार्यालय प्रमुख** भन्नाले यस नगरपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

ङ) **समिति** भन्नाले यसै कार्यविधि बमोजिम गठित अटोतथा इलेक्ट्रिक रिक्सा सञ्चालन तथा व्यवस्थापनसमिति सम्झिनुपर्छ।सो शव्दले रुट इजाजत तथा भाडादर निर्धारण समितिलाई समेत जनाउनेछ ।

च) **सवारी साधन** भन्नाले यस पालिकाभित्र सञ्चालन हुने ग्यास, विद्युत र तेलद्धारा चल्ने १ देखी ८ वटासम्म सिट क्षमता भएका ३ पांङ्ग्रे मानव ओसार पसार गर्ने अटो तथा ईलेक्ट्रिक रिक्सा लगायतका यातायातका साधनहरुलाई जनाउनेछ ।

छ) **सवारी धनी** भन्नाले प्रचलित कानून बमोजिम सवारी धनी अनुमति पत्र प्राप्त व्यक्ति वा कम्पनी सम्झनुपर्छ।

ज) **रुट इजाजत भन्नाले** यस कार्यविधिले व्यवस्था गरे बमोजिम इजाजत पत्र सम्झनुपर्छ ।

झ) **अनुमती तथा नविकरण** भन्नालेयस कार्यविधिमा उल्लेखित प्रकृतिका सवारी साधनको सञ्चालन अनुमती तथा नविकरण भन्ने बुझिन्छ ।

ञ) **भाडा दर** भन्नाले समितिले विभिन्न ठाउँका लागि तोकीएको शुल्क/भाडालाई जनाउँदछ।

ट) **तोकीएको कार्य** भन्नाले कार्यपालिकाद्धारा तोकीएका अन्य कार्य भन्ने बुझिन्छ ।

## परिच्छेद– २

## सवारी साधन दर्ता/ सूचिकृत हुनेसम्बन्धी व्यवस्था

**३. सञ्चालन अनुमति लिनुपर्नेः**

१) सुरुङ्गा नगरपालिका क्षेत्रभित्र सञ्चालन गरिने अटो रिक्सा तथा ईलेक्ट्रिक रिक्सा प्रचलित कानून बमोजिम दर्ता गर्नुपर्ने निकायबाट दर्ता भईयस नगरपालिकामा समेत दर्ता /सूचिकृत भई सञ्चालन अनुमति लिनुपर्नेछ ।

२) अटो रिक्सा तथा ईलेक्ट्रिक रिक्सा दर्ता/सुचिकृतगर्दा सवारी धनिले निश्चित शुल्क तिर्नुपर्नेछ। दर्ता/सुचिकृत शुल्क सम्बन्धी व्यवस्था नगरपालिकाले तोके बमोजिम हुनेछ ।

३) कुनै पनि व्यक्ति/ संस्था वा कम्पनीले उपदफा (१)बमोजिम अनुमति नलिइ सुरुङ्गा नगरपालिका क्षेत्रभित्र **अटोरिक्सा तथा ई- रिक्सा** सञ्चालन गर्न पाइने छैन ।

**४. अन्यत्र दर्ता भएका सवारी सञ्चालनमा रोक लगाइनेः**

अन्यत्र सूचिकृत भएका सवारी साधनहरु सुरुङ्गा नगरपालिकाका राजमार्ग सडक बाहेक अन्य सडकमा सञ्चालनमा पूर्णतया रोक लगाइनेछ। सुरुङ्गा नगरपालिकाबाट रुट ईजाजत पाएको अबस्थामा यस पालिकाभित्र संचालनमा रोक लगाईने छैन ।

**५. अटो तथा ई- रिक्सा दर्ता/सुचिकृतसम्बन्धी व्यवस्थाः**

१) प्रत्येक अटो तथा ई – रिक्सा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ र सवारी कर ऐन, २०३१ लगायत प्रचलित नेपाल कानून बमोजिम सम्बन्धित यातायात कार्यालयमा दर्ता एवं नविकरण गरी नगर कार्यपालिकामा समेत दर्ता/सुचिकृत र नविकरण हुनु पर्नेछ ।

**२)**सवारी साधन दर्ता गर्न नगरपालिकाबाट तोकीएको ढाँचामा सम्बन्धित व्यक्ति / संस्था आफै उपस्थित भइ वा प्रतिनिधिमार्फत आवश्यक कागजात सहित नगर कार्यपालिकाको कार्यालयमा निवेदन दिनु पर्नेछ।

**३)**कार्यालय प्रमुखले निवेदन प्राप्त भएपश्चात आवश्यक कारबाहीको प्रक्रिया अगाडी बढाइ निवेदन प्राप्त भएको मितिले १५ दिनभित्र दर्ता/सुचिकृतगर्नुपर्नेछ।

**४)**उपदफा ५ बमोजिम दर्ता हुने अटो तथा ई- रिक्साको लगत अभिलेख खडा गरी राख्नुपर्नेछ।

५) सवारी दर्ता प्रक्रिया पुरा भएपछी कार्यालय प्रमुखले सवारी दर्ता प्रमाणपत्र दिनुपर्नेछ ।

६) अटो तथा ई- रिक्सा दर्ता गर्दा निम्न कागजात पेश गर्नु पर्नेछः

क) यातायात कार्यालयमा दर्ता भएको प्रमाणपत्र

ख) सवारी कर चुक्ता र सवारी धनी प्रमाणपत्रको प्रतिलिपि

ग) नियमित सवारी जाँच गराएको प्रमाणपत्रको प्रतिलिपि

घ) सवारी प्रदुषण पासको प्रमाणपत्र

ङ) सवारीको भन्सार महशुल तिरेको प्रमाणपत्र

च) कम्पनीको हकमा व्यावसाय गर्न फर्म वा कम्पनीमा दर्ता भएको प्रमाणपत्र

छ) कम्पनीको हकमा आयकर दर्ताको कागजात र मुल्य अभिबृद्धि करमा दर्ता भएको पत्रको प्रतिलिपि

ज) सवारी साधनको इन्जिन र च्यासिस नम्बर समेत स्पष्ट देखिने फोटो

झ) सवारी निरिक्षण प्रमाणपत्र

ञ) यात्रु र तेस्रो व्यक्ति विमाको कागजात

ट) वित्तीय संस्थाबाट ऋण लगानी भइ दर्ता हुने सवारी साधनहरुको हकमा वित्तीय संस्था दर्ता प्रमाणपत्र कम्पनीको भए आयकर र मुल्य अभिबृद्धि कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।

**७.दर्ता तथा सूचिकृत शुल्क सम्बन्धमाः** १) सवारी धनिले अटो तथा ई- रिक्सा दर्ता तथा सूचिकृत गर्दा शुल्क तिरी दर्ता तथा सूचिकृत गर्नुपर्नेछ । २) अटो तथा ई- रिक्सा दर्ता तथा सूचिकृत गर्दा रु. ३००० ।–(अक्षरुपी रु. तीन हजार मात्र ) लाग्नेछ ।

## परिच्छेद – २
## संचालन अनुमतिर इजाजत पत्र सम्बन्धमा

**८. सञ्चालन अनुमति लिनुपर्नेः १)**कुनै पनि व्यक्ति/ संस्था वा कम्पनीलेसुरुङ्गा नगरपालिका क्षेत्रभित्र अनुमति नलिइ **अटोरिक्सा, ई- रिक्सा** सञ्चालन गर्न पाइने छैन ।

२. सवारी साधन सञ्चालन गर्न चाहने सवारी धनी र अन्य नगरपालिकामा दर्ता भइ यस पालिकामा समेत सेवा दिने सवारी धनीले अनुसूचि बमोजिम कार्यालय प्रमुख समक्ष निवेदन दिनुपर्नेछ ।

३. कार्यालय प्रमुखले निवेदन प्राप्त भएपश्चात आवश्यक कारबाहीको प्रक्रिया अगाडी बढाउनुपर्नेछ ।

**९. आवश्यक कागजात पेश गर्नुपर्नेः** १. सवारी साधन सञ्चालन गर्न चाहने सवारी धनीले कार्यविधिको अनुसूचि बमोजिमको ढाँचामा कार्यालय प्रमुख समक्ष निवेदन दिँदा निम्नानुसारका कागजात संलग्न गर्नुपर्नेछ।

क) सवारी साधन धनी व्यक्तिको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

ख) सवारी साधन धनी कम्पनीको कम्पनी दर्ता प्रमाणपत्र, कर दर्ता तथा कर चुक्ता र नविकरणका प्रमाणपत्रहरु,

ग) सवारी साधन दर्ता प्रमाण (बिल बुक)

घ) सवारी चालकको अनुमति पत्र (लाइसन्स)

ङ) तेस्रो पक्ष वीमा यात्रु वीमा गरेको प्रमाण

च) कार्यपालिकाको कार्यालयममा दर्ता वा सूचिकृत भएको यातायात कम्पनीसँग आवद्ध भएको प्रमाण ।

**१०. अनुमित र इजाजत पत्र दिन सकिनेः**

१) नियम अनुसार आवश्यक कागजात सहित पेश भएको निवेदनउपर छानविन गरी समितिले यातायातको वर्तमान अवस्था, सवारी साधनको आवश्यकता र औचित्यता र सर्वसाधारणलाई पुग्ने सुविधा आदी विषयमा ध्यान दिईएउटा कम्पनी र व्यक्तिले क्रमशः प्रथम पटकमा बढीमा **दुइवटा र एउटासम्म** अटो तथा ई- रिक्सा संचालन गर्न पाउने गरी अनुमति दिन सक्नेछ ।

२) उपदफा १ बमोजिम अनुमति प्राप्त सवारी धनी तथा कम्पनीलाई तोकीएको रुटमा सवारी साधन सञ्चालनका लागि अटो तथा ई- रिक्सा सञ्चालन तथा व्यवस्थापन समितिले रुट इजाजत प्रदान गर्ने विषयमा निर्णय गर्नेछ ।र समितिको निर्णय बमोजिम कार्यालय प्रमुखले रुट इजाजत पत्र प्रदान गर्नेछ ।

**११. पटके अनुमतिः**

१)सुरुङ्गा नगरपालिकामा सूचिकृत नभएको वा रुट इजाजत अनुमति नपाएको सवारी साधनले नगरपालिका भित्र सेवा दिनुपर्ने भएमा पटके अनुमति लिनु पर्नेछ ।

२)पटके अनुमति नलिइ सवारी साधन सञ्चालन गरेमा कार्यविधि बमोजिम दण्ड सजाय हुनेछ।

३) पट्के अनुमति वाफत रु. २०० प्रति पटक लागनेछ ।

**१२. अटो तथा ई- रिक्सा सञ्चालनमा रोक लगाइनेः**

१. अन्यत्र जुनसुकै कुरा लेखेको भएतापनी यस कार्यविधि बमोजिम दर्ता/सुचिकृत भएका सवारी साधनहरु दर्ता/सुचिकृत भएको मितिले २ वर्षसम्म मात्र चलाउन अनुमति दिइनेछ ।

२. उपधारा (१) बमोजिम दुई वर्षको अवधिपछी कुनै पनि सवारी साधन (अटो तथा ई-रिक्सा)सुरुङ्गा नगरपालिका क्षेत्रभित्र सञ्चालन गर्न वा चलाउन पाइने छैन ।

## परिच्छेद – ४
## सञ्चालन तथा व्यवस्थापन

**१३. सञ्चालन तथा व्यवस्थापनसमिति गठनः**नगरपालिकामा **अटोरिक्सा, ई- रिक्सा** सञ्चालन तथा व्यवस्थापन गर्न देहाय बमोजिमको पालिकास्तरीय सवारी साधन सञ्चालन तथा व्यवस्थापन समिति रहनेछः

| | | |
|---|---|---|
| क) | नगरपालिकाप्रमुख | संयोजक |
| ख) | नगरपालिकाउपप्रमुख | सदस्य |

ग) प्रमुखप्रशासकीयअधिकृत सदस्य

घ) पूर्वाधार विकास समितिको संयोजक सदस्य

ङ) नगर कार्यपालिकाबाटमनोनित१ जना महिला सहित २ जनासदस्य सदस्य

च) अधिकृत, प्रतिनिधि जिल्ला प्रशासन कार्यालय सप्तरी सदस्य

छ) अधिकृत, प्रतिनिधि जिल्ला प्रहरी कार्यालय सप्तरी सदस्य

ज) इजाजत प्राप्त यातायात व्यवसायीमध्ये समितिले मनोनित गरेको १ जना सदस्य

झ) नेपाल सरकार, प्रदेश सरकार अन्तर्गतको स्थानीय ट्राफिक कार्यालयको प्रमुख सदस्य

ञ) संयोजकले मनोनित गरेको मेकानिकल इन्जनियर वा सम्बन्धित विज्ञता राख्ने इन्जिनियर १जना सदस्य

ट) स्थानीय उपभोक्ता मध्येबाट संयोजकले तोकेको १ जना सदस्य

ठ) प्रशासन, योजना तथा अनुगमन शाखा प्रमुख- सदस्य- सचिव

**१४. समितिको बैठक आवश्यकतानुसार देहाय बमोजिम बस्नेछः**

क) सदस्य- सचिवले बैठकको कार्यसूचि संयोजकको स्वीकृतिमा तय गर्नु पर्नेछ ।

ख) संयोजकले तोकेको समय र स्थानमा बैठक बस्नेछ।

ग) बैठकमा कुनै खास विषय विज्ञलाई वा संघीय, प्रादेशिक र स्थानीय कार्यालयका प्रतिनिधिहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

घ) सदस्यहरुलाई बैठक बस्ने जानकारी र बैठकमा पेश हुने कार्य सूचि सामान्यतया ३ दिन अगाडी दिनु पर्नेछ तर कुनै खास परिस्थितिमा चौविस घण्टा अगाडी पनि बैठक बोलाउन सकिनेछ ।

ङ) बैठकको निर्णय बहुमतबाट हुने छ र निर्णय प्रमाणित सदस्य- सचिवले गर्नेछ ।

**१५. काम, कर्तव्य र अधिकारः**

१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछनः

क) नगरपालिकाभित्र अटो रिक्सा तथा ई-रिक्सा सञ्चालन कार्यलाई व्यवस्थित गर्न मार्गदर्शन गर्ने

ख) नगरपालिकाभित्र सञ्चालन हुने सवारी साधनको अनुमति, खारेजीर नविकरण सम्बन्धी निर्णय गर्ने

ग) स्थानीय सडकहरुको रुट र भाडा दर निर्धारण गर्न सहजिकरण गर्ने

घ) अटो तथा ई रिक्सा पार्किङ स्थल तोक्ने

ङ) सवारी साधन सञ्चालनको अनुगमन, नियमन तथा सिफारिस गर्ने,

च) सवारी साधन सञ्चालन गर्दा उठेका गुनासो सुनुवाई र निरुपण गर्ने,

छ)	सवारी साधन सञ्चालनमा अन्तरतह समन्वय र सहकार्य गर्ने,

ज)	कार्यपालिकाद्धारा तोकीएका कार्य र आवश्यकता अनुसार अन्य नीतिगत कार्य गर्ने ।

**१६. सवारी धनीले पालना गर्नुपर्ने जिम्मेबारीहरुः** सवारी धनीले इजाजत प्राप्त गर्नुपूर्व र इजाजत प्राप्त गरिसकेपछी निम्न काम कर्तव्यहरु पुरा गर्नुपर्छ ।

क) निवेदनसाथ तोकीएका कागजातहरु पेश गर्नुपर्नेछ ,

ख) तोकीएको भाडादर मात्र लिनुपर्नेछ र भाडादर यात्रुले देख्नेगरी सवारी साधनमा टाँस गर्नुपर्नेछ,

ग) सवारी चालक र सहचालकलाई यात्रुहरुसँग नम्र र सभ्य व्यवहार गर्न लगाउनुपर्नेछ,

घ) तोकीएको रुटमा मात्र सवारी चलाउनुपर्नेछ,

ङ)नगरपालिकाबाट तोकीएको दर्ता तथा नविकरण दस्तुर समयमै बुझाउनुपर्नेछ,

च) सवारी चालक यात्रु वा तेस्रो पक्ष विमा गराउनुपर्नेछ,

छ) इजाजत पत्रमा तोकीएको संख्यामा मात्र यात्रु राख्नुपर्नेछ,

ज) सवारी साधनबाट उत्पादन हुने फोहोर आफैले व्यवस्थापन गर्नुपर्नेछ ,

झ) सवारी चालक अनुमति पत्र, रुट ईजाजट तथा ब्लु बुक अनिवार्य सवारी साधनमा राख्नुपर्नेछ ।

## परिच्छेद – ५

## रुट इजाजत तथा नविकरण तथा खारेजी

**१७. रुट इजाजत तथा नविकरण दस्तुरः**

१) वार्षिक सवारी रुट इजाजत दस्तुर प्रति सवारी साधन देहाय बमोजिम हुनेछः

क) रिक्सा/ ई- रिक्सा – २५०० ( अक्षरुपी दुइ हजार पाँच सय मात्र )

ख) अटो रिक्सा –३००० (अक्षरुपी तीन हजार मात्र )

२) हरेक आर्थिक वर्षमा इजाजत नविकरण गर्नुपर्नेछ ।नविकरण दस्तुर नगरपालिकाको आर्थिक ऐनमा तोकीए बमोजिम हुनेछ । नगरपालिकाले नविकरण हरेक आर्थिक वर्षको असाढ मसान्तभित्र गर्नुपर्नेछ ।

३)दफा ३ को उपदफा १ वमोजिम सञ्चालन अनुमति प्राप्त सवारी चालकले रुट इजाजत पत्र साथमा राख्नुपर्नेछ ।प्रत्येक सवारी धनिले रुट इजाजत पत्र लिएको हुनुपर्नेछ ।यातायात व्यवस्था कार्यालयमा, सुरुङ्गा नगरपालिकामा  दर्ता/सुचिकृत/नविकरण भएको सवारी साधनलाई मात्र रुट इजाजत प्रदान गरिनेछ।रुट इजाजत पत्र **१ वर्षको अवधिको** लागि मात्र जारी गरिनेछ ।

१८.   **इजाजत खारेजीः** १) सवारी धनी तथा सवारी चालकले यस कार्यविधि विपरित कार्य गरेमा तथा प्रचलित अन्य यातायात व्यवस्था सम्बन्धी कानून उल्लङ्घन गरेमा समितिको निर्णय बमोजिम सवारी साधनको इजाजत पत्र कार्यालय प्रमुखले खारेजी गर्नेछ ।

२) खारेजीको निर्णय गर्नु अघी सम्बन्धित सवारी धनीलाई सफाइ पेश गर्ने मौका दिइनेछ।

## परिच्छेद – ६

## दण्ड सजाय

१९.   **दण्ड सजायः**१) कुनै सवारी चालकले यस कार्यविधि विपरित अनुमति वा स्वीकृती नलिई अटो तथा ई-रिक्साको दर्ता तथा नविकरण गर्दाको अवस्थाको मोडेलमा कुनै किसिमको हेरफेर ( रंग, सिट, स्वरुप, ईन्जिन, च्यासिस) गर्न पाईने छैन र यसो गरेमा रु १०००।- देखि रु.५०००।– जरिवानार ईजाजत पत्र समेत खारेज गर्न सक्नेछ।

२०.   **उजुरी गर्न सकिनेः**१)कार्यविधि विपरित कार्य गरेमा जो कोहि सेवाग्राहीले कार्यालय प्रमुखसमक्ष उजुरी दिन सक्नेछ ।

२) उजुरी प्राप्त भएपश्चात कार्यालय प्रमुखले छानविन गरी दोषी ठहर भएमा कार्यालय प्रमुखले कार्यविधिको दफा १९ को उपदफा १ बमोजिम दण्द सजाय हुनेछ ।

## परिच्छेद – ७

## रुट तथा भाडादर निर्धारण सम्बन्धी व्यवस्था

२१.   **रुटनिर्धारणः**१) यस कार्यविधि बमोजिम दर्ता तथा अनुमति लिइ सञ्चालन हुने सवारी साधनको सञ्चालन गरिने रुटको निर्धारण नगर कार्यपालिकाले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ ।

२) उपदफा (१) बमोजिमको रुट निर्धारण नभएसम्म यस कार्यविधि बमोजिम अनुमति प्राप्त सवारी साधनको रुट अनुसूचिमा तोके बमोजिम हुनेछ ।

२२.   **भाडा दर निर्धारणः**१)नगरपालिका क्षेत्रभित्र सञ्चालन गरिने सवारी साधनको  भाडादर अटो तथा ई- रिक्सा सञ्चालन तथा व्यवस्थापन समितिको सिफारिसमा कार्यपालिकाले तोके बमोजिम हुनेछ।

२) सवारी धनी तथा व्यवस्थापकले तोकीएभन्दा बढी भाडा लिनपाइने छैन ।

३)नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने सवारी साधनको भाडा दर सार्वजनिक यातायातको भाडाँडर समिति सप्तरीले निर्धारण गरे वमोजिम हुनेछ।

## परिच्छेद – ८

## यात्रु सुरक्षा सम्बन्धी व्यवस्था

२३. **यात्रु सुरक्षाः** यात्रु सुरक्षाका लागि प्रत्येक सवारी साधनमा निम्नानुसारका नियमहरु पालना गर्नु गराउनु पर्नेछः

१. अटो तथा ई- रिक्साको देब्रे तर्फबाट यात्रु चढ्ने र झर्ने गर्न मिल्ने गरी अटो तथा ई- रिक्साको डिजाइन तयार गर्नु पर्नेछ ।

२. स्थान अनुसारको भाडादर उल्लेख गरी सवारी साधनमा सबैले देखिने गरी टाँस्नु पर्नेछ ।

३. फोहोर राख्ने भाँडोको व्यवस्था गर्नु पर्नेछ।

२४. **विमा सम्बन्धी व्यवस्थाः**

१. सवारी धनी वा व्यवस्थापकले विमा वाफत् को रसिद मात्र काटेको आधारमा दुर्घटना भएपछि विमित रकम नपाइने हुनाले अनिवार्य रुपमा सम्बन्धित विमा कम्पनीसँग रकम बराबरको विमा नीति वा प्रमाणपत्र लिनुपर्नेछ । कार्यालयमा विमा नीति सम्बन्धी कागजात पेश नगरेमा कार्यालयबाट सम्पादन हुने सवारी सम्बन्धी कुनै पनि सेवाहरु प्रदान गरिने छैन ।

२. प्रत्येक सवारी साधनको प्रचलित कानूनले तोके बमोजिमको दुर्घटना विमा, मजदुर विमा र तेस्रो पक्ष विमा आदिको विमा गरेको हुनुपर्दछ ।

३. बाटो ईजाजत पत्र जारी गर्दा वा नविकरण गर्दा उक्त सवारीको सम्बन्धित अभिलेखमा विमाको नाम र बहाल अवधि खुलाउनुपर्नेछ ।

## परिच्छेद – ९
## अनुगमन सम्बन्धी व्यवस्था

२५. **अनुगमनः** नगरपालिका, नेपाल प्रहरी र ट्राफिक प्रहरीले समय समयमा यस कार्यविधिमा उल्लेखित नियम बमोजिम अटो तथा ई- रिक्सा संचालन भए नभएको अनुगमन गर्न सक्नेछ।

## परिच्छेद – १०
## विविध

२६. **सिट भन्दा बढी यात्रु राख्न नहुनेः** सवारी साधनमा तोकीएको सिट क्षमता भन्दा बढी यात्रु राखी सवारी चलाउनु हुँदैन ।

२७. **अनुचित व्यवहार गर्न नहुनेः** कसैले पनि यात्री वा चालकसँग नराम्रो व्यवहार गर्न हुँदैन।

२८. **सवारी साधनमा धुम्रपान गर्न नहुनेः** सवारी साधनमा कसैले पनि धुम्रपान गर्न हुँदैन ।

२९.    **सडक सुरक्षा र दुर्घटना न्यूनिकरण गर्नेः**ट्राफिक नियमको पालना तथा सडक सुरक्षा सम्बन्धमा नगरपालिका,ट्राफिक प्रहरी, यातायात सेवा प्रा.लि.तथा यातायात मजदुर संगठनहरुको समन्वयमा कम्तिमा ३ महिनामा १ पटक चालक प्रशिक्षक तथा सचेतनामुलक कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

३०.    **सवारी चेकजाँच तथा जाँचपासः**१)सवारी चलाउँदा सवारी चालकले सवारी दर्ता किताव, रुट इजाजत पत्र, जाँचपास र सवारी चालक अनुमति पत्र अनिवार्य साथमा राख्नुपर्नेछ ।नगरपालिकाका कर्मचारी, नेपाल प्रहरी तथा ट्राफिक प्रहरीबाट सवारी चेकजाँच हुँदाको समयमा सवारी सम्बन्धी सम्पूर्ण कागजात सवारी चालक वा सवारी धनीले देखाउनुपर्नेछ ।

२)सवारी धनीले सवारी साधनको नियमित जाँचपास गर्नुपर्नेछ जाँचपासको प्रमाणपत्र सायमा राख्नुपर्नेछ ।

३१.    **फोहोर व्यवस्थापनः** सवारी साधनमा उत्पादन हुने फोहोर व्यवस्थापनका लागि हरेक सवारी साधनमा सवारी चालकले डष्टविनको व्यवस्था गर्नुपर्नेछ ।सवारी साधन पार्किङ स्थलमा वा स्टेशनमा फोहोर व्यवस्थापन कार्य यातायात सेवा प्रा.लि. ले गर्नुपर्नेछ ।

३२.    **गति निर्धारणः**सवारी साधनको गति तोके बमोजिम हुनुपर्नेछ ।

**३३.    अन्यः १)** यस कार्यविधिमा उल्लेख नभएका विषयहरुको हकमा संघीय तथा प्रदेश सवारी तथा यातायात व्यवस्था सम्बन्धी ऐन नियम तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ ।२) यस कार्यविधिमा उल्लेखित व्यवस्था संघ र प्रदेश कानूनसँग बाझिन गएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

अनुसूचि १

(परिच्छेद २)

<u>सवारी दर्ता/सञ्चालन अनुमति/ रुट इजाजत/ नविकरण/ खारेजी निवेदनको ढाँचा</u>

**श्रीमान, प्रमुख प्रशासकीय अधिकृत ज्यू,**

**सुरुङ्गा नगरपालिकाको कार्यालय**

**मधुपट्टी,ससरी।**

विषयः <u>सवारी दर्ता// सञ्चालन अनुमति/ रुट इजाजत/ नविकरण/ खारेजीगरी पाउ भन्ने बारे</u>

उपरोक्त विषयमा देहाय बमोजिम विवरण भएको मेरो/ हाम्रो नाममा रहेको यातायात व्यवस्था कार्यालयमा दर्ता भएको अटो रिक्सा / ई- रिक्सा यस नगरपालिकामा दर्ता// सञ्चालन अनुमति/ रुट इजाजत/ नविकरण/ खारेजीका लागि यो निवेदन पेश गरेको छु/ छौं ।

१. दर्तावालाको नाम थरः
२. ठेगानाः
३. पिता वा पतिको नाम थर(व्यक्ति भएमा):
४. सवारीमा भएको दर्ता नं.
५. साविकको दर्ता गर्ने कार्यालयः
६. सवारीको किसिमः
७. सवारी बनाउने कम्पनीको नाम र निर्माण सालः
८. सवारीको किसिमः
९. मोडेल नं.:
१०. सिलिण्डर संख्याः
११. हर्ष पावर सिसिः
१२. सवारीको इन्जिन नं.
१३. सवारीको च्यासिस नं.
१४. सवारीको रङ्गः
१५. प्रयोग गर्ने इन्धनः
१६. सवारी साधनमा भएको इलेक्ट्रोनिक संचारको उपकरण(रेडियो, क्यासेट, टेलिफोन):
१७. सवारीको वजन संख्याः क. कुल वजनः ख. भारवहन क्षमताः ग. सिट संख्याः
१८. प्रयोग
१९. चलाउने क्षेत्र
२०. अन्य प्रमाणको विवरणिः

<u>निवेदक</u>

सहीः

नाम थरः

ठेगानाः

मितिः

अनुसूची २

(दफा ५ बमोजिम)

दर्ता/सूचीकृत– प्रमाणपत्रको ढाँचा

सुरुङ्गा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

मधुपट्टी,सप्तरी।

फोटो

सि.नं.:

सवारी दर्ता नं.:

सवारी धनिको नामः

सवारी धनिको वतनः

सम्पर्क नं.:

दर्ता/सुचीकृत मितिः

सवारीको किसिमः

कम्पनीको नामः

सवारीको मोडेलः

निर्माण सालः

सिलिण्डर संख्याः

हर्ष पावर सि.सि.:

चेसिस नं.:

इन्जिन नं.:

सवारीको रङ्गः

चालकसहित सिट क्षमताः

पेट्रोल/ डिजेल / ब्याट्रीः

खरिद भइ आएको मानिस वा कम्पनीः

दर्ता गर्ने अधिकारीको दस्तखतः

नामः

पदः

मितिः

प्रमाणपत्रको नविकरण

| नविकरण गरेको मिति | नविकरण म्याद पुग्ने मिति | नविकरण गर्ने अधिकारीको सही |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

अनुसूची ३

(दफा ९ बमोजिम)

<u>अनुमति पत्रको ढाँचा</u>

सुरुङ्गा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

मधुपट्टी,सप्तरी।

फोटो

दर्ता मितिः

सुरुङ्गा नगरपालिकाको अटो तथा ई- रिक्सा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१ को दफा ३ अनुसार देहायको सेवा सञ्चालन गर्न यो अनुमति पत्र दिइएको छ ।

१. व्यक्ति/ फर्म/ कम्पनीको नामः

२. ठेगानाः

३. सेवा सञ्चालनको मुख्य स्थानः

४. सञ्चालन गर्ने सेवाको किसिमः

५. सवारी धनी/ साझेदार/ सञ्चालन (मुख्य व्यक्तिको) नाम, थर र दर्जाः

६. ठेगानाः

७. दस्तखतः

अनुमति दिने प्रमुखको दस्तखतः

नामः

पदः

मितिः

अनुसूची ४

(दफा १८ बमोजिम)

<u>इजाजत पत्रको ढाँचा</u>

**मितिः**

**इजाजत पत्र नं.:**

**श्री..........................................**

तपाइको नाममा दर्ता भएको देहायको विवरण भएको सवारी साधनलाइ आ.व........ को लागि देहायको रुटमा सवारी साधन सञ्चालन गर्न रुट इजाजत दिइएको छ। प्रचलित ऐन कानूनको अधिनमा रही सवारी साधन सञ्चालन गर्नुहुन अनुरोध छ।

सवारी साधनको विवरण — सवारी साधनको किसिमः

सवारी दर्ता नं. र दर्ता गर्ने कार्यालयः — चेसिस नं.:

इन्जिन नं. — मोडेलः

निर्माण मितिः — यात्रु सिट संख्याः

सवारी धनिको विवरण नामः — ठेगानाः

संस्था भए दर्ता विवरणः — सञ्चालन गर्न अनुमति दिएको रुटः

सञ्चालन गर्न दिएको अवधि — विमा अवधिः

**रुट इजाजत प्रदान गर्ने पदाधिकारीको**

**दस्तखतः**

**नामः**

**पदः**

# <u>नविकरण विवरण</u>

| मिति | नविकरण अवधि | विमा अवधि | रसिद नं. | नविकरण गर्ने कार्यालय प्रमुख | दस्तखत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

## अनुसूची ५

(दफा १८ बमोजिम)

<u>सुरुङ्गा नगरपालिकाको रुटको विवरण</u>

| सि.नं. | सडक/ रुटको विवरण | कैफियत |
|---|---|---|
| १ | नगरपालिका क्षेत्रभित्र | |
| २ | | |
| ३ | | |
| ४ | | |

## अनुसूची ६

(दफा १९ बमोजिम)

<u>सुरुङ्गा नगरपालिकाको अटो तथा ई-रिक्सा सञ्चालनको भाडादर सम्बन्धी विवरण</u>

| सि. नं. | रुट | भाडा रु. |
|---|---|---|
| नगरपालिकादेखी पूर्वतर्फ | | |
| १ | नगरपालिकादेखी | |
| १ | नगरपालिकादेखी | |
| २ | नगरपालिकादेखी | |
| ३ | नगरपालिकादेखी | |
| ४ | नगरपालिकादेखी | |
| नगरपालिकादेखी पश्चिमतर्फ | | |
| ५ | नगरपालिकादेखी | |
| ६ | नगरपालिकादेखी | |
| ७ | नगरपालिकादेखी | |
| ८ | नगरपालिकादेखी | |
| ९ | नगरपालिकादेखी | |
| नगरपालिकादेखी उत्तरतर्फ | | |
| १० | नगरपालिकादेखी | |
| ११ | नगरपालिकादेखी | |
| १२ | नगरपालिकादेखी | |
| १३ | नगरपालिकादेखी | |
| १४ | नगरपालिकादेखी | |
| १५ | नगरपालिकादेखी | |
| १६ | नगरपालिकादेखी | |
| १७ | नगरपालिकादेखी | |
| १८ | नगरपालिकादेखी | |
| नगरपालिकादेखी दक्षिणतर्फ | | |
| १९ | नगरपालिकादेखी | |

| | | |
|---|---|---|
| २० | नगरपालिकादेखी | |
| २१ | नगरपालिकादेखी | |
| २२ | नगरपालिकादेखी | |
| २३ | नगरपालिकादेखी | |
| २४ | नगरपालिकादेखी | |
| २५ | नगरपालिकादेखी | |
| २६ | नगरपालिकादेखी | |
| २७ | नगरपालिकादेखी | |
| २८ | नगरपालिकादेखी | |

अनुसूची ७

(दफा ३ र ५ बमोजिम)

अटो तथा ई- रिक्सा सञ्चालन दस्तुर

| सि.नं. | विवरण | दस्तुर | कैफियत |
|---|---|---|---|
| १ | सवारी साधन सञ्चालन अनुमति पत्र | १००० | |
| २ | सवारी दर्ता प्रमाणपत्र | ४००० | |
| ३ | रुट इजाजत पत्र | १००० | |
| ४ | सवारी दर्ता तथा रुट इजाजत पत्र नविकरण | ५०० | |
| ५ | सवारी जाँचपास | ५०० | |
| ६ | सवारी जाँचपास नविकरण | ५०० | |

अनुसूची ८

(दफा २५ बमोजिम)

सवारी जाँचपासको प्रमाणपत्र

सुरुङ्गा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

मधुपट्टी,सप्तरी।

सि.नं.:

सवारी दर्ता नं.:

सवारी धनिको नामः

सवारी धनिको वतनः

सम्पर्क नं.:

दर्ता मितिः

कम्पनीको नामः

निर्माण सालः

हर्ष पावर सि.सि.:

इन्जिन नं.:

चालकसहित सिट क्षमताः

सवारीको किसिमः

सवारीको मोडेलः

सिलिण्डर संख्याः

चेसिस नं.:

सवारीको रङ्गः

पेट्रोल/ डिजेल / ब्याट्रीः

खरिद भइ आएको मानिस वा कम्पनीः

जाँचपासको प्रमाणपत्र दिने अधिकारीको दस्तखतः

नामः

पदः

मितिः

प्रमाणपत्रको नविकरण

| सवारी जाँचेको मिति | नविकरण म्याद पुग्ने मिति | जाँच्ने अधिकारीको सही |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

आज्ञाले

सुनिल कुमार पासमान

प्रमुख प्रशासकीय अधिकृत

(उप सचिव)